


सोमवार, फेब्रुअरी 12, 2024






**तपाईंको आवाज, हाम्रो भविष्य !**

DeKalb County School District हाम्रो 2024-2029 को रणनीतिक योजना बनाउने यात्रामा निक्लन लागेको छ, र हामी सबै विद्यार्थीहरू, अभिभावकहरू, कर्मचारीहरू, तथा समुदायका सदस्यहरूलाई हाम्रा विद्यालयहरू तथा समुदायको परिकल्पनालाई आकार दिन सहयोग गर्न आग्रह गरिरहेका छौं ।

रणनीतिक योजना सरोकारवाला सर्वेक्षण भर्न कृपया दल दिइएको चित्रको QR कोड स्क्यान गर्नुहोस् वा https://bit.ly/3SdUJq3 मा जानुहोस् ।

सँगै, हामी उत्कृष्टताको लागि अवरोध गरिरहेका छौं । संवादमा जोडिनुहोस्, र यस्तो भविष्य रचना गरौं जसमा सबैले विश्वास गर्छन् ।

## अभिभावकको संलग्नता (विद्यालय आगन्तुकहरू) नीति: इनपुट आवश्यक छ

ThoughtExchange प्रश्न: अवस्थित स्वयंसेवक नीति (बोर्ड नीति IFCD, विद्यालय स्वयंसेवकहरू) बारे तपाईंको विचार के छ?

https://my.thoughtexchange.com/scroll/779427686/welcome




हाम्रा DCSD परिवारहरूलाई एक शानदार लुनार नयाँ वर्षको शुभकामना! ड्र्यागन वर्षले तपाईंको जीवनमा सबलता र प्रतिभा ल्याओस्। असीमित सम्भावनाको संसारलाई अँगालेर नयाँ वर्षलाई उत्साहका साथ मनाऔँ, साझा गरौं र स्वागत गरौँ!




Hitting The Road With Horton - Brockett ES र Idlewood ES (अङ्ग्रेजी/स्पेनिश)

https://www.youtube.com/watch?v=22ht1Weloi4







DCSD समुदायका सबै सदस्यहरूलाई शिक्षाको सबैभन्दा महत्त्वपूर्ण भागहरू मध्येको एकमा भागः करको खर्चमा सहभागी हुन आह्वान गरिरहेको छ ।

E-SPLOST (शिक्षा विशेष-उद्देश्य स्थानीय विकल्प बिक्री कर) सल्लाहकार समितिमा सदस्यताका लागि आवेदन दिन आम जनतालाई आमन्त्रित गरिएको छ। आवेदन शुक्रबार, फेब्रुअरी 16, 2024 सम्म पेश गर्न सकिन्छ ।

E-SPLOST सल्लाहकार समितिले नागरिक इनपुट प्रदान गर्दछ र E-SPLOST राजस्वका लागि भुक्तान गरिएको मतदाता-स्वीकृत परियोजना सूचीको समीक्षा गर्दछ। समितिमा पारदर्शिता कायम गर्ने तथा DCSD तथा DeKalb County समुदाय बीच प्रभावकारी सञ्चार सुनिश्चित गर्ने साझा उदेश्य बोकेका सर्वसाधारणहरू हुन्छन्।

उम्मेदवारहरू DCSD को सीमानाहरूमा बस्ने बासिन्दाहरू हुनुपर्दछ । DeKalb County शिक्षा समितिका सदस्यहरू, DCSD का कर्मचारीहरू सदस्य बन्न पाउँदैनन्, सदस्यहरूले DCSD का परियोजनाहरूमा आर्थिक स्वार्थ राख्न पाउँदैनन्। लेखा, वास्तुकला, लेखापरीक्षण, निर्माण, इन्जिनियरिङ, अर्थ, K-12 शिक्षा, कानुन, योजना, परियोजना व्यवस्थापन र/वा घरजग्गामा काम गरेको अनुभव भएका सदस्यहरू खोजिएको हो।

यसका अतिरिक्त, उम्मेद्वारहरू मासिक बैठकहरूमा सहभागी हुन दुई घण्टा समय प्रदान गर्न सक्षम हुनुपर्दछ । यी बैठकहरू साधारणतया बेलुकाको समयमा सञ्चालन गरिन्छ। चयन गरिएको खण्डमा, सदस्यहरूको पृष्ठभूमिको जाँच गरिने छ र उनीहरूले जानकारी खुलासा गर्न बन्देज गर्ने सम्झौतामा हस्ताक्षर गर्ने छन्।

जर्जियाको सबैभन्दा ठूलो स्कूल डिस्ट्रिस्क मध्ये एउटामा पर्दा पछाडिको काम गर्न यस उत्कृष्ट अवसरका लागि अनलाइनमा आवेदन दिने सजिलो हुन्छ! आफ्नो जानकारी पेस गर्न यहाँ क्लिक गर्नुहोस् ।




हामी तपाईंलाई विद्यालय लागेको दिन ACT/SAT सञ्चालन गर्ने सम्बन्धमा समुदायको सुझाव प्राप्त गर्ने बैठकमा सहभागी हुन आह्वान गरिरहेका छौं । DCSD का सबै जुनियरहरूले ACT वा SAT को

परीक्षा नि:शुल्क रूपमा दिने सम्भावनाको बारेमा छलफल गर्नुहोस् । फ्लायर हेर्नुहोस् र आफ्नो क्षेत्रीय बैठकको मिति पत्ता लगाउनुहोस् । आफ्नो आवाज सुनाउने मौका नछुटाउनुहोस् ।





McDonald's बाट DCSD SAFE Center मा अनुदानप्राप्त (अङ्ग्रेजी/स्पेनिश)

https://www.youtube.com/watch?v=_qKXJ1U-5vk

# Innovative Solutions Laboratory

— DeKalb County School District मा नवप्रवर्तनलाई पुन: परिभाषित गर्दै —

## अभिनव समाधान प्रयोगशाला के हो?

**विद्यालयमा आधारित अभ्यासका समस्याहरूलाई सम्बोधन गर्न नवाचार** प्रदर्शन गर्ने प्रस्तावहरूका लागि कोष प्रदान गर्ने एक वार्षिक प्रतियोगिता। **$10,000** सम्मका धेरै पुरस्कारले विद्यालयमा आधारित टोलीहरूलाई सम्मानित गरिने छ।

## कसले आवेदन दिन सक्छ?

टोली विद्यालयमा आधारित हुनुपर्छ र **3-6 व्यक्ति** मिलेर बनेको हुनुपर्छ। टोलीमा शिक्षक, शैक्षिक कोच, सहायक कर्मचारी र प्रशासकहरू समावेश हुन सक्छन्। आमाबुवा र विद्यार्थीहरू ऐच्छिक छन्। टोलीले निरीक्षण प्रदान गर्नका लागि प्रधानाध्यापक वा सहायक प्रधानाध्यापक समावेश गर्नुपर्छ। थप विवरणहरूका लागि अभिनव समाधान प्रयोगशाला मापदण्ड समीक्षा गर्नुहोस्।

## मेरो विद्यालयमा आधारित टोलीले कसरी आवेदन दिन्छन्?

टोलीले यो टेम्प्लेटप्रयोग गरेर परियोजना योजना विकास गर्ने छन्। परियोजना योजना पूरा भएपछि, टोलीले यो एप्लिकेसन लिङ्क प्रयोग गरेर आवेदन दिन सक्छन् । आवेदनको समय सीमा **साँझ 5:00 बजे, बिहीवार, फेब्रुअरी 29 हो**।

## पिच डेका लागि तयार रहनुहोस्!

फाइनलिस्टहरूलाई पिच डेमा उनीहरूको प्रस्ताव प्रस्तुत गर्न आमन्त्रित गरिने छ! **शुक्रवार, मार्च 8** सम्ममा फाइनलिस्टहरूलाई निमन्त्रणाहरू पठाइने छ। पिच डे **बुधवार, मार्च 27** बाट **बिहान 10:00 बजेदेखि दिउँसो 2:00 बजे** सम्म **DeKalb School of the Arts मा हुने छ।**

DeKalb County School District




हाम्रा विद्यार्थीहरूले उनीहरूलाई महत्त्वपूर्ण भएका मुद्दाहरूमा परिवर्तन ल्याउन हाम्रो समुदायमा अद्भुत कामहरू गरिरहेका छन्। छालासम्बन्धी स्वास्थ्यमा चेतना जगाउने काम गरिरहेका Druid Hills High School का विद्यार्थी Ellis Schroeder लाई भेट्नुहोस्। उहाँको कार्यका बारेमा थप जान्नका लागि, यहाँक्लिक गर्नुहोस्।


ELEMENTARY BASKETBALL CAMP
मार्च 2024
16 र 23
DEKALB COUNTY SCHOOL DISTRICT
खेलकूद
दर्ता गर्नका लागिhttps://bit.ly/49vKC3 मा जानुहोस्





DeKalb County को नयाँ परिवार सशक्तिकरण कार्यक्रम, The Fambassador Program (पारिवारिक दूत कार्यक्रम) मा सहभागी हुन साइन अप गर्नुहुने सबैजनालाई धन्यवाद। कार्यक्रमले सहभागीहरूलाई उनीहरूको नेतृत्व सीपहरू बढाउन र बलियो बनाउन र अरूसँग आमाबुवा / स्याहारकर्ताहरूको रूपमा उनीहरूको आफ्नै महाशक्ति साझेदारी गर्न अनुमति दिन्छ। हाम्रा परिवारका दूतले हाम्रा विद्यार्थीहरूका लागि गर्ने महान कुराहरू हेर्न म तत्पर छु। कार्यक्रमबाट थप फोटोहरू हेर्नका लागि यहाँ क्लिक गर्नुहोस्।









निम्न लिङ्कमा गई डाउनलोड गर्नुहोस्: https://bit.ly/4b20U7K

आमाबाबु तथा अभिभावकहरूलाई निःशुल्क Edulog Parent Portal एप डाउनलोड गर्न प्रोत्साहित गरिन्छ । यो एपले आमाबाबु तथा अभिभावकहरूलाई बच्चाको बसको वास्तविक समयको नक्सा हेर्न दिन्छ र बस बस बिसौनी, विद्यालय, वा आफूले चयन गरेको क्षेत्र नजिक आएको समयमा सूचनाको साथमा सुसूचित हुन दिन्छ । आमाबाबु तथा अभिभावकहरूले आफ्नो बच्चासँग सम्बन्धित जानकारी दर्ता गरेर मात्र पहुँच प्राप्त गर्न सक्छन् । तपाईंसँग Edulog एपको बारेमा कुनै पनि प्रश्न वा सरोकारको विषय छ भने, कृपया DCSD को यातयाता विभागलाई (678) 676-1305 मा फोन गर्नुहोस् । थप जानकारीका लागि, यहाँ क्लिक गर्नुहोस् ।







**अश्वेत इतिहास महिना मनाइँदै – फेब्रुअरी**

DeKalb County School District | https://www.dekalbschoolsga.org

अश्वेत इतिहास महिनाको शुभकामना छ ! यो फेब्रुअरी, DCSD ले अश्वेत अमेरिकीहरूको विरासत, उपलब्धि, तथा योगदानको सम्मान गरिरहेको छ । हामीले हाम्रो देशको इतिहास र संस्कृतिमा उनीहरूको गहिरो प्रभावको सम्मान गर्दै गर्दा, हामीसँग जोडिनुहोस् । एकसाथ सिकौँ, सम्मान गरौँ, र अगाडि बढौँ ।

NEPALI

Disrupting for Excellence